Sub.Code : 0061 'R'

# NEB - GRADE XII
## 2082 (2025)
## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा

(रजिस्ट्रेशन नम्बरका शुरुका दुई अङ्क ७८, ७९, ८० र ८१ भएका साधारण धारतर्फका नियमित तथा आंशिक परीक्षार्थीहरूका लागि)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

**समूह 'क'**

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [११×१=११]

१. बौद्ध परम्परामा अष्टाङ्गिक मार्ग अन्तर्गत 'सम्यक प्रयास' को अर्थ प्रस्ट पार्नुहोस् ।

२. पूर्वीय र पाश्चात्य परम्परा बिचको समान विशेषता एक बुँदामा स्पष्ट पार्नुहोस् ।

३. सामाजिक अनुसन्धान प्रतिवेदन तयार पार्दा सन्दर्भ सामाग्रीको प्रयोगमा ध्यान दिनुपर्ने कुरा एक बुँदामा लेख्नुहोस् ।

४. सूचना तथा तथ्याङ्कलाई अनुसन्धानको महत्त्वपूर्ण आधार मानिन्छ , किन ? एक बुँदामा प्रस्ट पार्नुहोस् ।

५. नेपाल मण्डलको अन्तिम राजाको नाम उल्लेख गर्नुहोस् ।

६. तपाईंको समुदायमा भएको सामाजिक रूपान्तरणलाई कसरी अभ्यास गर्नुभएको छ ? आफ्नो अनुभव एक बुँदामा लेख्नुहोस् ।

७. किशोरकिशोरीमा मोबाईल फोनको प्रयोगबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्न एउटा नारा तयार पार्नुहोस् ।

८. नेपालको आन्तरिक बसाइँसराइमा पुरुषको भन्दा महिलाको सङ्ख्या बढी हुनुको कारण के हो ? एक बुँदामा उल्लेख गर्नुहोस् ।

९. नेपालको परराष्ट्र नीतिका कुनै दुई विशेषता लेख्नुहोस् ।

१०. वैश्विक सङ्घ संस्थाबाट लाभ लिन नेपाल सरकारले गरेका गतिविधिको सम्बन्धमा जानकारी लिन परराष्ट्र मन्त्रीलाई सोध्न सकिने दुईवटा प्रश्नको नमुना तयार पार्नुहोस् ।

११. बेरोजगारी समस्या समाधानमा प्राविधिक शिक्षाको महत्त्व एक बुँदामा लेख्नुहोस् ।

**समूह 'ख'**

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** [८×५=४०]

१२. बौद्धिक चोरी न्यूनीकरणका लागि भएका कानुनी प्रयासलाई व्यावहारिक बनाउन तपाईंले खेल्न सक्ने भूमिका पाँच बुँदामा स्पष्ट पार्नुहोस् ।